# SKILLS Programme in Media



## Oct-Dec 2016

# KMKN Meeting held Oct 20

http://lokaantar.com/samasamayik/38642

काठमाडौँ, १० कत्तिक  प्राविधिक शिक्षा तथा व्यावसायिक तालीममा संलग्न अधिकारी तथा विशेषज्ञहरूले स्पष्ट नीति, प्रभावकारी अनुगमन र प्रदायक संस्थाहरू वीचको समन्वयको अभावका कारण अर्वौ राजस्व वालुवामा पानी हाले सरह भएको गुनासो गरेका छन् । शिक्षा मन्त्रालय अन्तर्गतको "जीवन पर्यन्त सिकाइलाई सिप र ज्ञानका लागि सहयोग कार्यक्रम"को सहयोगमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदले काठमाडौँमा आयोजना गरेको एक कार्यक्रममा उनीहरूले तालीमहरू कसैलाई रोजगारी दिलाई निवारणमा सहयोग पुर्याउनेमा भन्दा कुनै अमुक संस्थाको वार्षिक लक्ष्य पुरा गर्ने उद्देश्यका लागी हुने गरेको दाबी गरे ।

"उसको आवस्यक्ताले भन्दा हाम्रो जागिर जोगाउनका लागि भत्ताको लोभ देखाएर ल्याएको मान्छेले तालीम लिए पनि रोजगारी पाउदैन," परिषदका उपाध्यक्ष्य डा. कुल बहादुर बस्नेतले भने, "हुँदा हुँदा अव त एउटा संस्थाले तालिमको ठेक्का लिने, एउटै कार्यक्रमको लागी ५ ठाउँबाट पैसा लिने चलन चलिसक्यो अनि कसरी यस्ता तालीमले रोजगारी सिर्जना गर्छ र गरिबी घटाउँछ?" बस्नेतले कुन व्यक्तिले कहिले कस्तो तालिम कुन संस्था मार्फत लिएको छ, र त्यो तालीम बाट प्राप्त सिप कहाँ काम लाग्छ भन्ने कुराको प्रभावकारी अनुगमनमा जोड दिए ।

शिक्षा मन्त्रालयका उपसचिव मुकुन्द केशरी पोखरेलले शिक्षा मन्त्रालय र प्राविधिक तथा व्यावसायिक तालिममा कुनै प्रकारले संलग्न सबै मन्त्रालय तथा संघ संस्थाको साझा मञ्च मार्फत प्राविधिक शिक्षा तथा रोजगारी सम्बन्धी सूचना आदान प्रदान गर्नु पर्ने आवश्यकतामा जोड दिए । कार्यक्रममा सहभागी संघ संस्थाका प्रतिनिधिले सरकारी र दाताको गरी करिब ३५ अर्ब तालीम र रोजगारी सिर्जनामा खर्च हुने गरेको तर तालीम लिएका मान्छे कहाँ गए, के गर्दैछन केही पत्तो नहुने तितो सत्य उजागर गरे ।"हामी अनुगमन गर्छौं तर संख्याको मात्रै," प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदका निर्देशक टेक बहादुर मल्लले भने, "तालीमको प्रभाव मूल्याङ्कन गर्ने हामी सँग कुनै विधि नै छैन ।"

सहभागीहरूले प्राविधिक जनशक्तिको सबै भन्दा ठुलो रोजगार दाता , निजी क्षेत्र, अझै प्राविधिक जनशक्ति उत्पादनमा इच्छुक नदेखिएको भन्दै अबको सरकारी नीतिले निजी क्षेत्रलाई समेत समेट्नु पर्नेमा जोड दिए ।

# Sharing of Report on Ways to Engage Private Sector in TVET Sector, Oct 26

अर्थ / वाणिज्य

**दक्ष जनशक्ति उत्पादन गर्न कोष स्थापना गरिने** (http://kantipur.ekantipur.com/news/2016-10-27/20161027081630.html)

- **कान्तिपुर संवाददाता** , काठमाडौं

कार्तिक ११, २०७३- सरकारले स्वरोजगार र उद्योग क्षेत्रमा समेत काम गर्न सक्ने गरी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको लागि छुट्टै कोष निर्माण गर्ने भएको छ। अहिले विभिन्न १७ मन्त्रालयमार्फत् सीप विकास सम्बन्धी कार्यक्रम सञ्चालन हुँदै आएको छ। सीप विकास तथा तालिमसम्बन्धी सबै कार्यक्रमलाई समन्वयकारी ढंगले सञ्चलन गरी बढी प्रतिफल हासिल गर्ने उद्देश्यले छुट्टै कोषमार्फत् कार्यक्रम सञ्चालन गर्न लागिएको हो।

सरकारी, गैरसरकारी र दातृ निकायसमेतको स्रोत परिचालन गर्दा प्राविधिक शिक्षा, सीप विकास तथा तालिमका लागि वार्षिक झन्डै १७ अर्ब रुपैयाँ खर्च हुँदै आएको छ। कोष स्थापनाको कार्य आगामी फागुन महिनासम्म सम्पन्न हुनेछ। राजधानीमा बुधबार आयोजित एक कार्यक्रममा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्का उपाध्यक्ष कुल बहादुर बस्नेतले वैदेशिक रोजगारीमा बाहिरिएको अदक्ष जनशक्तिको ठाउँमा दक्ष जनशक्ति पठाउन सकेको भए बढी रेमिट्यान्स प्राप्त गर्न सकिने बताए।

कार्यक्रममा निजी क्षेत्रको प्रतिनिधित्व गर्दै नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष किशोर प्रधानले रोजगारी सिर्जनामा निजी क्षेत्रको महत्त्वपूर्ण योगदान रहेकाले सरकारले प्राविधिक शिक्षा तथा व्यावसायिक सीप विकास कार्यक्रममा निजी क्षेत्रसँग सहकार्य गरेर अघि बढ्नुपर्ने बताए।

शिक्षा मन्त्रालयका सहसचिव बैकुण्ठप्रसाद अर्यालले सरकारले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमसम्बन्धी नीतिमा गरेको परिमार्जन तथा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका लागि छुट्टै कोष स्थापना गरी व्यावसायिक सीप विकास सम्बन्धी कार्यक्रम थप अगाडि बढ्ने बताए।

कार्यक्रम **राष्ट्रसंघीय विकास कार्यक्रम (यूएनडीपी) अन्तर्गतको स्किल्स परियोजना र सेजनले आयोजना गरेको थियो।**

कार्यक्रममा यूएनडीपीकी सहायक राष्ट्रिय निर्देशक हिमादेवी खड्काले सीपले उद्यमशीलता विकास गर्न सक्नुपर्ने बताइन्।



*Arthiknews*, October 26, 2016

# ‘प्राविधिक शिक्षामा भएको १५ अर्ब खर्चको परिणाम खोज्ने बेला भयो’

बैकुण्ठप्रसाद अर्याल, सहसचिव, नेपाल शिक्षा मन्त्रालय

हाम्रो तथ्यांकले हरेक वर्ष एसएलसी पास गर्ने मध्ये ४० देखि ५० हजार जनशक्ति प्राविधिक शिक्षामा डाइभर्ट हुने देखाउँछ । व्यवसायिक, भोकेशनल तर्फ आकर्षित हुँदा रहेछन् । यो हिस्सा भनेको पनि ठुलो हिस्सा हो । तर सँगसँगै यसलाई व्यवस्थित बनाएर लैजानु पर्ने देखिएको छ । अहिले पनि हाम्रो बजारमा उत्पादिन जनशक्ति मध्ये ४ देखि ४.५ लाख जनशक्ति विदेशीने गरेको छ । देशमा नै हामीले आफ्नो जनशक्ति खपत गर्न नसकिरहेको देखिदो रहेछ ।

देशलाई आवश्यक जनशक्ति यही टिकाइ राख्नु पर्ने चुनौती एकातिर छ भने टेक्निकल भोकेशनल एडुकेशन टेक्नोलोजी (टिभेट) प्राविधिक शिक्षालाई थप सशक्त बनाउने दायित्व पनि हाम्रो बनेको छ । हालै हामीले पोलीसी कोर्डिनेशन कमिटि (सीसीसी)को बैठक राखेका थियौं । अहिले देखिएकै यसमा समन्वयको अभाव रहेछ । करीब १७ वटा मन्त्रालयले प्रत्यक्ष अप्रत्यक्ष रुपमा टिभेट शिक्षामा काम गरेको छ । सरकारले मात्रै (निजी क्षेत्रबाहेक) प्राविधिक शिक्षामा १५ अर्ब खर्च हुन्छ । यसरी भएको खर्चको परिणाम खोज्ने बेला भएको छ ।

हामीले हाम्रो माग वा आवश्यकताको आधारमा रहेर कार्यक्रम सञ्चालन गर्नुपर्ने अवस्था देखिएको छ । यसैको लागि पीसीसीले टिभेट फण्ड स्थापना गरेर लैजाने भनेर लागेको छ । अहिले शिक्षा मनत्रालय मातहत रहेर बिभिन्न निकायबाट यस्तो शिक्षा दिइरहेको छ । हाल २ सय ४० विद्यालयले ९ र १० कक्षामा प्राविधिक कोर्स राखेको छ । त्यस्तै, ११ र १२ कक्षा सञ्चालन गर्ने ८० संस्थाले यो विषय अध्यापन गराइरहेका छन् ।

इभेन्ट, स्किल्स, सीटीइभीटी, टास्क, इम्प्लोइ फण्ड, इनस्योर लगायतका परियोजना सञ्चालनमा छन् । डिएफआइडी र इयुरोपियन युनियनको पनि केही परियोजना सञ्चालनमा छन् ।

तर अपेक्षित परिणाम आउन नसक्नुमा बिभिन्न चुनौती रहेका छन् । टिभेट फण्डको तयारी भएको पनि ३/४ वर्ष भएको छ । तर यो समयमै पुरा गर्नु चुनौतीको रुपमा रहेको छ । अहिले हाम्रा युवाहरु पनि ‘व्हाइट कलर जब’ मा आकर्षित भएकाले पनि प्राविधिक काम गर्ने र स्वरोजगार बन्ने सोचको बिकास गर्नु चुनौतीको रुपमा रहेको छ ।

***बुधवार काठमाडौंमा आयोजित एक कार्यक्रममा अर्यालले दिनुभएको भाषणको सम्पादित अंश***

# Annapurna Post

## 'प्राविधिक शिक्षामा समन्वय छैन'

**सूर्यप्रसाद पाण्डे**
*काठमाडौं*

> सीपमूलक र व्यावसायिक तालिम दिने संस्थालाई नियमन गर्न छुट्टै निकाय स्थापना गर्नुपर्ने।

राज्यले नागरिकलाई प्राविधिक शिक्षा र व्यावसायिक तालिम उपलब्ध गराउने नाममा वार्षिक करोडौं लगानी गरे पनि पैसा खर्च गर्ने निकायबीच समन्वय हुन नसक्दा लगानीअनुसार प्रतिफल नआएको अध्ययनले देखाएको छ। त्यसका लागि कानुनी व्यवस्थामै सुधार आवश्यक रहेको अध्ययनको निष्कर्ष छ।

शिक्षा मन्त्रालयअन्तर्गतको जीवनपर्यन्त सिकाइलाई सीप र ज्ञानका लागि सहयोग कार्यक्रम (स्किल्स)ले गरेको अध्ययनअनुसार प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रदान गर्ने नाममा अहिले शिक्षा, स्थानीय विकास, श्रम, पर्यटन, उद्योगलगायत १७ मन्त्रालयले सरकारी पैसा खर्च गरिरहेका छन्। त्यसबाहेक विकास साझेदार निकायलगायत सरकारी र गैरसरकारी संस्थाले पनि आफ्नै तरिकाबाट लगानी गरिरहेका छन्।

सरकारी मन्त्रालयअन्तर्गत ३४ वटा शीर्षकमा रकम खर्च भइरहेको अध्ययन टोलीमा संलग्न पुर्वसचिव जनार्दन नेपालले बताए। उनले भने, 'तर कुन मन्त्रालयले के शीर्षकमा रकम खर्च गरिरहेको छ भन्ने विषयमा सम्बन्धित मन्त्रालयलाई जानकारी छैन।' सीपमूलक र व्यावसायिक तालिम दिने संस्थालाई नियमन गर्न छुट्टै निकाय स्थापना गर्नुपर्ने उनको भनाइ छ।

शिक्षा मन्त्रालय र मातहत निकायमा दुई दशकभन्दा बढी सेवा गरेको नेपालले सन् २०१२ मा बनेको प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम नीतिलाई संशोधन गर्ने बेला आएको बताए। अहिले सरकारी निकायअन्तर्गत प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद (सीटीईभीटी) तथा शिक्षा मन्त्रालयअन्तर्गत विश्व बैंकको सहयोगमा सञ्चालित इभेन्ट परियोजना, सीटीईभीटीकै स्किल डेभ्लपमेन्ट प्रोजेक्टलगायत कार्यक्रममार्फत विभिन्न सीपमूलक तालिम सञ्चालन भइरहेको छ।

शिक्षाबाहेक मन्त्रालय तथा मातहत निकायबाट सञ्चालन भएका कार्यक्रम तथा तालिम कुन निकायको सम्बन्धनमा सञ्चालित छ भन्ने स्पष्ट छैन। तालिम सञ्चालन भए पनि नेपाली बजारमा वार्षिक प्रवेश गर्ने चार लाख युवा जनशक्तिमध्ये तीस प्रतिशतले मात्र तालिम प्राप्त रहेको अध्ययनमा संलग्न अर्का पूर्वसचिव महाश्रम शर्माले बताए। 'श्रमबजारमा प्रवेश गर्नेमध्ये तीन लाख जनशक्तिलाई सीपमूलक तालिम आवश्यकता छ तर उनीहरूमध्ये एक लाखले मात्र उपयुक्त तालिम पाएको देखिन्छ', शर्माले भने। युवालाई सीपमूलक तालिमको नाममा वार्षिक १२ अर्ब रुपैयाँ खर्च भइरहेको छ।

शिक्षा मन्त्रालयका प्रवक्ता डा. हरिप्रसाद लम्सालले प्राविधिक शिक्षा र तालिमको क्षेत्रमा क्रियाशील संस्थालाई एकै थलोमा ल्याउने विषयमा लामो समयदेखि पहल भए पनि कार्यान्वयन हुन नसकेको बताए। 'यस विषयमा बहस भएको धेरै समय भयो। अध्ययन प्रतिवेदन हेरेर कसरी समाधान गर्न सकिन्छ भन्ने विषयमा छलफल गर्छौं', उनले भने।

# The Himalayan Times, The Rising Nepal

## Experts urge ramping up investment in skill development

**Himalayan News Service**
*Kathmandu, October 26*

As low productivity has long since been identified as structural problem for the country's economy, experts and stakeholders have urged to ramp up investment in skill development of human resources to create entrepreneurial mass as well as human resources required by enterprises.

Presenting the findings of a study report titled 'Facilitating the Private Sectors' Engagement in Technical and Vocational Education and Training (TVET) in Nepal' during an interaction programme jointly organised by the Support to Knowledge and Lifelong Learning Skills (SKILLS) project under United Nations Development Programme and the Society of Economic Journalists Nepal, Mahasharam Sharma, former education secretary, said that out of the 450,000 job-seekers that enter the labour market every year in Nepal, only around 100,000 get opportunity of TVET. And majority of the job-seekers that enter the market every year leave for foreign employment as the country does not offer enough job opportunities, around 90 per cent — are unskilled and semi-skilled and they are working as cheap labour force in the Middle East and other labour destinations. Against this backdrop, according to Sharma, the government should join hands with the private sector to produce skilled human resources through massive technical and vocational education and trainings.

"Private sector has not approached training institutions to develop the human resources as per their requirements," according to Sharma. "There is communication gap between the institutions that provide technical and vocational trainings and enterprises."

As per Sharma, there is lack of analysis from the private sector regarding the requirement of human resources for a particular field or industry.

In the programme, Kishore Pradhan, vice president of the Federation of Nepalese Chambers of Commerce and Industry (FNCCI), opined that if the government extended its hand for collaboration with private sector regarding operating such TVET providing institutions, the private sector would design skill development courses and forecast demand ism, construction, service, manufacturing, among others.

He stressed on the need for strong collaboration between the private sector and skill development institutions so that the human resources developed from the TVET providers could be easily absorbed.

Heema Devi Khadka, assistant country director of Project Implementation Unit-UNDP, said that the TVET and enterprise development should go together to give boost to the country's economy.

According to Bishnu Prasad Aryal, joint secretary of the Ministry of Education, the government is going to develop a TVET Fund to run all types of trainings in an organised manner. Currently, 17 ministries have been running various technical, vocational education as well as skill development trainings. But the resource mobilised by the government and non-government sector remain largely scattered.

Around Rs 17 billion is mobilised by the government and development partners every year, but it has completely failed to achieve the desired output. The government is consolidating all the resources under TVET Fund and will de-

## Separate funds for vocational and tech training

**By A Staff Reporter**
Kathmandu, Oct. 26

The government is planning to establish a separate fund for technical education and vocational training.

As 17 various ministries are implementing skill development programmes on their own without coordination with each other, the government has been planning to run such programmes through a central fund with greater collaboration and coordination with the ministries.

According to joint secretary of the Ministry of Education (MoE) Baikuntha Prasad Aryal, government, private sector, non-government organisations and donor agencies cumulatively spent about Rs. 17 billion annually on technical education, skill development and training.

"The Fund will be established by April next year," Aryal said in an interaction on the role of private sector in skill development organized by Support to Knowledge and Lifelong Learning Skills (SKILLS), a programme of UNDP and Society of Economic Journalists – Nepal (SEJON).

Speaking at the programme, stakeholders said that the technical education and vocational training was essential for the economic upliftment of the people and it should be expanded to every district to help in creating entrepreneurs and businessmen.

Assistant country director of the UNDP Heema Devi Khadka said that vocational skill development programmes should be connected with entrepreneurship.

"Such trainings should be demand-driven. Only then, the trainings will prove successful with the trainees employed at various companies or run their own enterprise," she said.

Vice-chairman of the Council of Technical Education and Vocational Training (CTEVT) Kul Bahadur Basnet said that the skill development training did not only help the youth to be self-employed but also would have resulted in more remittance as Nepal could send skilled workers to overseas.

Vice president of the Federation of Nepalese Chambers of Commerce and Industry (FNCCI) Kishor Pradhan said that as the private sector had an important contribution in creating employment, the government should work in collaboration with them while designing and implementing skill based training.

"The FNCCI believes that the private sector not only creates employment but it also promotes small enterprises in the value chains of the large industries and helps in entrepreneurship development at the local level," he said.

Presenting a paper on the role of the private sector in technical education and vocational training, former secretary of the MoE Mahashram Sharma said that the current programmes for skill training were insufficient to address the ever increasing manpower that enters the labour market every year.

"Approximately 450,000 people enter the labour market every year but only about 100,000 people are being trained on technical vocational education," he said.


He said that although the government and donor agencies were running skill development trainings, the Nepalese private sector seldom called for human resources it needed.

# प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सम्बन्धी छुट्टै कोष स्थापनाको तयारी

कात्तिक ११ । सरकारले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका लागि छुट्टै कोष निर्माण गर्ने भएको छ । अहिले विभिन्न १७ मन्त्रालयमार्फत् सीप विकास सम्बन्धि कार्यक्रमहरु सञ्चालन हुँदै आएको छ। सीप विकास तथा तालिमसम्बन्धि सबै कार्यक्रमहरुलाई समन्वयकारी ढङ्गले सञ्चलन गरी बढी प्रतिफल हासिल गर्ने उद्देश्यले छुट्टै कोषमार्फत् कार्यक्रमहरु सञ्चालन गर्न लागिएको हो । सरकारी, गैर सरकारी र दातृ निकाय समेतको स्रोत परिचालन गर्दा प्राविधिक शिक्षा, सीप विकास तथा तालिमका लागि वार्षिक झण्डै १७ अर्ब रुपैयाँ खर्च हुँदै आएको छ । कोष स्थापनाको कार्य आगामी फागुन महिनासम्म सम्पन्न हुने शिक्षा मन्त्रालयले जनाएको छ ।

**http://pahilonews.com/news-post/6391/**

## Nayapatrika



**व्यावसायिक तालिमसम्बन्धी छुट्टै कोष स्थापना गरिने**

काठमाडौं / सरकारले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका लागि छुट्टै कोष निर्माण गर्ने भएको छ । अहिले विभिन्न १७ मन्त्रालयमार्फत् सीप विकाससम्बन्धी कार्यक्रम सञ्चालन हुँदै आएकामा सरकारले छुट्टै कोष बनाउन लागेको हो । सीप विकास तथा तालिमसम्बन्धी सबै कार्यक्रमलाई समन्वयकारी ढंगले सञ्चालन गरी बढी प्रतिफल हासिल गर्ने उद्देश्यले छुट्टै कोषमार्फत् कार्यक्रम सञ्चालन गर्न लागिएको हो । फागुनसम्ममा कोष स्थापना भइसक्ने शिक्षा मन्त्रालयले जनाएको छ ।

संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यूएनडिपी) अन्तर्गतको 'सपोर्ट टु नलेज एन्ड लाइफलङ लर्निङ स्किल्स' परियोजनासँगको सहकार्यमा नेपाल आर्थिक पत्रकार समाज (सेजन) ले आयोजना गरेको कार्यक्रममा सहायक राष्ट्रिय निर्देशक हिमादेवी खड्काले उद्यमशीलतासँग जोडेर व्यावसायिक सीप विकास कार्यक्रमलाई सञ्चालन गर्नुपर्नेमा जोड दिइन् ।

## Annapurna Post



अन्नपूर्ण — बिहीबार ११ कात्तिक २०७३ — THURSDAY, OCTOBER 27, 2016 — ग

**व्यावसायिक तालिमका लागि छुट्टै कोष**

काठमाडौं (अन्नपूर्ण) : सरकारले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका लागि छुट्टै कोष बनाउने भएको छ । अहिले विभिन्न १७ मन्त्रालयमार्फत सीप विकाससम्बन्धी कार्यक्रम भइरहेको छ । सीप विकास तथा तालिमसम्बन्धी सबै कार्यक्रम गर्न छुट्टै कोष बनाउन लागिएको हो ।

सरकारी, गैरसरकारी र दातृ निकायसमेतको स्रोत परिचालन गर्दा प्राविधिक शिक्षा, सीप विकास तथा तालिमका लागि वार्षिक झन्डै १७ अर्ब रुपैयाँ खर्च हुँदै आएको छ । कोष स्थापनाको कार्य आगामी फागुन महिनासम्म सम्पन्न हुने शिक्षा मन्त्रालयले जनाएको छ ।

यूएनडीपीको सपोर्ट टू नलेज एन्ड लाइफलङ लर्निङ स्किल्स परियोजना र नेपाल आर्थिक पत्रकार समाज (सेजन)ले आयोजना गरेको कार्यक्रममा सहायक राष्ट्रिय निर्देशक हिमादेवी खड्काले उद्यमशीलतासँग जोडेर व्यावसायिक सीप विकास कार्यक्रमलाई सञ्चालन गर्नुपर्नेमा जोड दिइन् ।

कार्यक्रममा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्का उपाध्यक्ष कुलबहादुर बस्नेतले कृषि, पर्यटन, उद्योग, निर्माण, सेवा क्षेत्रमा खपत हुने जनशक्ति सिर्जनामा लगानी गरी काम गर्नुपर्ने धारणा व्यक्त गरे ।

शिक्षा मन्त्रालयका सहसचिव बैकुण्ठप्रसाद अर्यालले व्यावसायिक तालिमका लागि छुट्टै कोष स्थापना गर्ने कार्यक्रमले व्यावसायिक सीप विकासलाई थप उचाइमा पुर्‍याउने बताए ।

# Abhiyan
# Rajdhani

lhanidail... | प्राविधिक श... | Onlinekhabar.com... | Facebook | BIZMANDU ||

anidaily.com/2016/10/27/14648/

me YouTube PahiloPost Account Settings

लोकप्रिय राष्ट्रिय दैनिक
राजधानी
RAJDHANI NATIONAL DAILY

ग्राहक बन्नु परेमा | ठेगाना परिवर्तन भएमा
नवीकरण गर्नु परेमा | पत्रिका नियमित नआ

राष्ट्रिय | अन्तर्राष्ट्रिय | अर्थ | कला | खेलकुद | अन्तर्वार्ता | प्रवास | विचार | मनोरञ्जन | सम्पादकी

## प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमसम्बन्धी छुट्टै कोष स्थापना गरिने

SHARE Facebook Twitter Google+ Pinterest Email

राजधानी समाचारदाता
काठमाडौं, १० कात्तिक

सरकारले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका लागि छुट्टै कोष निर्माण गर्न भएको छ। अहिले विभिन्न १७ मन्त्रालयमार्फत सिप विकाससम्बन्धी कार्यक्रम सञ्चालन हुँदै आएको छ।सिप विकास तथा तालिमसम्बन्धी सबै कार्यक्रमहरूलाई समन्वयकारी ढंगले सञ्चालन गरी बढी प्रतिफल हासिल गर्न उद्देश्यले छुट्टै कोषमार्फत कार्यक्रमहरू सञ्चालन गर्न लागिएको हो।

सरकारी, गैरसरकारी र दातृ निकायसमेतको स्रोत परिचालन गर्दा प्राविधिक शिक्षा, सिप विकास तथा तालिमका लागि वार्षिक झन्डै १७ अर्ब रुपैयाँ खर्च हुँदै आएको छ। कोष स्थापनाको कार्य आगामी फागुन महिनासम्म सम्पन्न हुने शिक्षा मन्त्रालयले जनाएको छ। प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकास देशमा उद्यमी ... अपरिहार्य रहेकाले प्राविधिक शिक्षा, व्यावसायिक सिप विकास तथा तालिम

from fonts.gstatic.com...

www.abhiyan.com.np/epaper.php

News Home YouTube PahiloPost Account Settings

# १७ अर्ब खर्च, प्रभाव भने न्यून

दुर्गा लामिछाने

कात्तिक १०, काठमाडौं । १७ ओटा मन्त्रालयबाट सञ्चालित प्राविधिक शिक्षा तथा व्यावसायिक शीपका कार्यक्रम अब एकै द्वारबाट सञ्चालन हुने भएका छन्। शिक्षा मन्त्रालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा शीप कोष (टीभेट फण्ड) स्थापना गरी कार्यक्रम सञ्चालन गर्न लागिएको हो। हाल सरकार, गैरसरकारी संस्था तथा दातृ निकायसमेतको गरी बर्षमा करीब रू. १७ अर्ब प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमका लागि खर्च हुँदै आएको छ। उक्त कार्यक्रमहरूलाई समन्वय गरी एकद्वारबाट परिचालन गरी उच्च प्रतिफल निकाल्ने उद्देश्यका साथ कोष स्थापना गर्न लागिएको शिक्षा मन्त्रालयले बताएको छ।

प्राविधिक शिक्षा तथा व्यावसायिक शीप विकास कार्यक्रमले रोजगारीका लागि मात्र नभई उद्यमशीलताका लागि आवश्यक जनशक्ति उत्पादनमा जोड दिनुपर्ने सम्बद्ध ... हुन्। कार्यक्रममा संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (यूएनडीपी)की सहायक राष्ट्रिय निर्देशक हिमादेवी खड्काले धेरै देशको आर्थिक स्थिति सुधार्न टीभेटको भूमिका रहेको उल्लेख गरिन्। 'हाम्रो युवा जनसङ्ख्यालाई विप्रेषण ल्याउनेतिर भन्दा पनि उद्यमी बनाउनेतर्फ अघि बढ्ने हो भने देशले चाँडै कोल्टे फेर्छ,' उनले भनिन्। यस विषयमा देशमा परिचालनमा रहेका रकमलाई एकीकृत गर्नसके प्रभावकारी

- अब टीभेट फण्ड स्थापना गरी कार्यक्रम सञ्चालन
- १७ ओटा मन्त्रालयमा छरिएको पैसा समेटिने

कार्यक्रम ल्याउन सकिने उनको तर्क थियो।

शिक्षा मन्त्रालयका सहसचिव वैकुण्ठप्रसाद अर्यालले हरेक वर्ष एसएलसीबाट आएको ४० हजारदेखि ५० हजार जनशक्ति प्राविधिक क्षेत्रमा मोडिने गरेको बताए। प्राविधिक शिक्षा ... ८० प्रतिशत जनशक्ति अवसरबाट वञ्चित रहेको बताए। 'चीनले आज विश्व बजारमा पुर्‍याइरहेका सामानहरू सबै विद्यालय तहमा प्राविधिक शिक्षा लिने विद्यार्थीबाट तयार गर्ने गर्छ,' उनले भने, 'जुन देशमा साधारण शिक्षा र प्राविधिक शिक्षा प्रदान गर्ने विद्यालयको सङ्ख्या बराबर छ, त्यो देश विकसित छ।'

कार्यक्रममा शिक्षा मन्त्रालयका पूर्वसचिव महाश्रम शर्माले टीभेटमा निजीक्षेत्रको संलग्नतासम्बन्धी कार्यपत्र प्रस्तुत गरेका थिए। उनले वैदेशिक रोजगारीमा जानेमध्ये ७० प्रतिशतभन्दा बढी कुनै प्राविधिक शिक्षा तथा व्यावसायिक शीप नभएको जनशक्ति रहेको तथ्याङ्क प्रस्तुत गरेका थिए। त्यसैगरी देशभित्र रोजगारीका लागि ६ सय कोटा खुल्दा १ लाख २० हजारसम्म आवेदन पर्ने गरेका उनले बताए।

यतिबेला प्रत्येक वर्ष करीब ४ लाख ५० हजार जनशक्तिका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक शीपको आवश्यकता रहेको छ। तर, सरकारले वार्षिक १ लाखभन्दा बढी जनशक्तिलाई यस्ता शिक्षा तथा शीप प्रदान गर्न सकेको छैन। यसमा निजीक्षेत्रलाई पनि

# Experts urge govt to promote vocational training

November 22, 2016 21:24 PM , Republica

KATHMANDU, Nov 22: Education experts have urged the government to come up with a clear plan in promoting technical skills in the country, arguing that other South Asian countries have already moved ahead by setting their respective strategic targets. Speaking at a program organized by Support to Knowledge and Lifelong Learning Skills, a program run with the support of United Nations Development Program, former education secretary Janardan Nepal said there was no institutional structure to implement learning skills.

Former secretary Nepal, who is also national consultant of the Review of the Technical Vocational Education and Training Policy, further stated that technical education and trainings were not prioritized although there was clear policy about involving private sector to promote technical education. He suggested to the government to design training manuals, curriculum for industrialists, employers and other concerned stakeholders before conducting phase-wise trainings.

"Youths are going aboard seeking job without training or professional skills," he said. Another former Education Secretary Mahashram Sharma stressed to improve technical educations and vocational trainings. “Private sector has a key role to promote technical skills and trainings and entrepreneurship. Unfortunately, the private sector has appeared very weak to do the same,” said Sharma.

http://www.myrepublica.com/news/9675

# Experts urge govt to promote vocational training

**REPUBLICA**
*KATHMANDU, Nov 22*

Education experts have urged the government to come up with a clear plan in promoting technical skills in the country, arguing that other South Asian countries have already moved ahead by setting their respective strategic targets.

Speaking at a program organized by Support to Knowledge and Lifelong Learning Skills, a program run with the support of United Nations Development Program, former education secretary Janardan Nepal said there was no institutional structure to implement learning skills.

Former secretary Nepal, who is also national consultant of the Review of the Technical Vocational Education further stated that technical education and trainings were not prioritized although there was clear policy about involving private sector to promote technical education. He suggested to the government to design training manuals, curriculum for industrialists, employers and other concerned stakeholders before conducting phase-wise trainings.

"Youths are going aboard seeking job without training or professional skills," he said.

Another former Education Secretary Mahashram Sharma stressed to improve technical educations and vocational trainings. "Private sector has a key role to promote technical skills and trainings and entrepreneurship. Unfortunately, the private sector has appeared very weak to do the

# Experts urge govt to promote vocational training

**REPUBLICA**
*KATHMANDU, Nov 22*

Education experts have urged the government to come up with a clear plan in promoting technical skills in the country, arguing that other South Asian countries have already moved ahead by setting their respective strategic targets.

Speaking at a program organized by Support to Knowledge and Lifelong Learning Skills, a program run with the support of United Nations Development Program, former education secretary Janardan Nepal said there was no institutional structure to implement learning skills.

Former secretary Nepal, who is also national consultant of the Review of the Technical Vocational Education further stated that technical education and trainings were not prioritized although there was clear policy about involving private sector to promote technical education. He suggested to the government to design training manuals, curriculum for industrialists, employers and other concerned stakeholders before conducting phase-wise trainings.

"Youths are going aboard seeking job without training or professional skills," he said.

Another former Education Secretary Mahashram Sharma stressed to improve technical educations and vocational trainings. "Private sector has a key role to promote technical skills and trainings and entrepreneurship. Unfortunately, the private sector has appeared very weak to do the







http://www.edukhabar.com/news/8676

# नीतिमै सुधारको खाँचो

प्रकाशित मिति २०७३ मंसिर ५ ,आईतवार

काठमाडौं - प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिमको लागि बनेका नीतिमै परिवर्तन नहुँदा नेपालको प्राविधिक व्यवसायिक शिक्षा र तालिम अन्तर्राष्ट्रिय स्तरको नभएको सरोकारवालाहरुले बताएका छन् । शिक्षा मन्त्रालयको जीवन पर्यन्त सिकाइलाई सिप र ज्ञानका लागि सहयोग कार्यक्रम (स्किल्स्) ले आइतबार गरेको कार्यक्रममा सहभागी तथा सो विषयमा अध्ययन गरेका अध्ययनकर्ताहरुले सो निश्कर्ष निकालेका हुन् ।

संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी) को प्राविधिक तथा आर्थिक सहयोगमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम नीति २०६९ लाई परिमार्जन वा सुधार गर्नका लागि मन्त्रालयले पूर्व सचिवद्वय जनार्दन नेपाल र महाश्रम शर्माको टोलीलाई अध्ययनको जिम्मा दिएको थियो ।मन्त्रालयले प्राविधिक शिक्षा तथा व्यबसायिक तालिम सम्बन्धि नीतिको सामयिक सुधारका लागि युएनडिपीको सहयोगमा संवाद प्रक्रिया थालनी अन्तर्गत सञ्चारकर्मीहरुसँगको अन्तरक्रियामा पूर्वसचिव नेपालले प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिमहरु नेपालमा १७÷१८ वटा मन्त्रालय र विभिन्न संस्थाहरुमार्फत् सञ्चालन हुँदै आए पनि तिनीहरुबीच समन्वयको अभाव रहेको बताए । प्राविधिक व्यवसायिक शिक्षा तथा सोही तालिम नीति सन् २०१२ नीतिमा सुधारका क्षेत्र विषयमा अध्ययन गरेका उनले नीतिमै फेरबदल गर्नुको विकल्प नभएको जनाए ।

‘कसले कुन तालिम के उद्देश्यको लागि प्रदान गरिराखेको छ र उत्पादित जनशक्ति कहाँ, कसरी प्रयोग भइरहेका छन्, कुन–कुन क्षेत्रमा कति प्राविधिक जनशक्तिको आवश्यकता छ भन्ने भरपर्दो सूचना पनि छैन । यो सूचना न त निजी क्षेत्रसँग छ न त सरकारसँगै,’ उनले भने, ‘नीतिगत सुधार मार्फत् छरिएर रहेका तालिमहरुलाई एउटा सूचना सञ्जालभित्र ल्याउने, आवश्यकतामा आधारमा जनशक्ति तयार पार्ने विभिन्न निकायबीच प्रभावकारी समन्वयको खाका तयार पार्ने र तालिमको प्रभाव मूल्यांकन मार्फत् प्राविधिक व्यावसायिक शिक्षा तथा तालिमको क्षेत्रमा सुधार ल्याउन जरुरी छ ।’उनले नीतिमै रहेको कमजोरीका कारण दैनिक रुपमा १ हजार ५ सय युवाहरु रोजगारीका लागि जान बाध्य भएको उल्लेख गर्दै तालिम नीतिमा सुधार गरी शिक्षित युवाहरुलाई विभिन्न सिप दिन सकिए युवाहरु बेरोजगार बस्न नपर्ने पनि जनाए ।

आफ्नो अध्ययनका निष्कर्ष सुनाउंदै नेपालले हरेक बर्ष कामको खोजीमा सीप बिहिन युवा विदेशिने गरेको बताउँदै श्रम बजारमा आउने ४ लाख ५० हजार जनशक्ति मध्ये बर्षमा ६४ हजार जतिले तालीम पाएको र बाँकी कुनै सीप बिनै बाहिर जाने गरेको उल्लेख गरे । सन् २०११–१२ मै राज्यको कोष बाट विभिन्न मन्त्रालय मार्फत झण्डै १० अर्व रुपैया छोटा छोटा सीप विकास कार्यक्रममा खर्च भएको तर उपलब्धि के छ भनेर मापन गर्न नसकिएको समेत बताए ।

सोही अवसरमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम(टिभेट) नीति २०१२मा निजी क्षेत्रको सहभागिता सम्बन्धमा अध्ययन गरेका पूर्व सचिव महाश्रम शर्माले निजि क्षेत्र लगायत सबै सरोकारवालाको अपनत्व स्थापित गर्नका लागि पनि नीतिमा फेरबदलको आवश्यकता औंल्याए ।

# Nepalgunj KMKN Meeting, Nagarik

## प्राविधिक जनशक्ति सधैँ अभाव

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा सरकारले बर्सेनि ठूलो रकम खर्चिने गरे पनि उपलब्धि भने न्युन छ**

**अर्जुन ओली**

*नेपालगन्ज, कात्तिक २३*

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको क्षेत्रमा सरकारले बर्सेनि अर्बौं रूपैयाँ खर्चिन्छ। प्राइभेट स्तरमा खुलेका तमाम संस्थाले पनि तालिम सीप तथा तालिम दिइरहेका छन्। तर दक्ष जनशक्तिको अभाव भइरहेको सम्बद्ध सधैं गुनासो गर्छन्। बर्सेनि उत्पादन हुने प्राविधिक तथा व्यवसायिक जनशक्ति आखिर कहाँ गइरहेको छ त ? यसबारे सरोकारवाला निकाय स्वयं अन्योलमा छन्।

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (सिटिइभिटिइ) का सूचना तथा अनुसन्धान निर्देशक शिवशंकर घिमिरे तालिमप्रदायक सरकारी तथा गैर सरकारी संस्थाबीचको समन्वय अभावका कारण यस्तो समस्या देखापरेको बताउँछन्। प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको व्यवस्थापन योजना र सुदृढताको लागि प्रभावकारी अनुगमन तथा मूल्यांकनको खाँचो रहेको उनको भनाइ छ। 'संस्थाले जुन मनलाग्यो त्यही तालिम दिएका छन्, कसले कुन तालिम दिँदा प्रभावकारी हुन्छ, त्यसको कुनै समन्वय छैन,' उनले भने।

सिटिइभिटिइका क्षेत्रीय प्रमुख यादव सुवेदीले सरकारी तथा गैर सरकारी संस्थाले बर्सेनि थुप्रै जनशक्ति उत्पादन गरे पनि बजारमा जनशक्तिको माग र बेरोजगारी समस्या कायम रहेको बताए। 'प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमका लागि सरकारको अर्बौं बजेट लगानी भएको छ, तर लगानीको कुनै लेखाजोखा छैन,' सुवेदीले भने, 'तालिम लिएर गएका जनशक्ति कस्तो अवस्थामा छन्, के गरिरहेका छन्, त्यसको कुनै लेखाजोखा छैन।' नेपालमा सीप सिकेर सीपको सदुपयोग गर्ने बानीको विकास हुन नसकेको उनको बुझाइ छ। 'तालिम र सीप मात्रै सिक्ने तर व्यवहारमा नउतार्ने प्रवृति बसेको छ,' उनले थपे।

भेरी प्राविधिक शिक्षालय नेपालगन्जका प्रमुख भीमकान्त लामिछानेले पुरानै खालको पाठ्यक्रमका कारण नेपाली जनशक्तिले रोजगारी पाउन कठिन भएको बताए। 'प्रशिक्षार्थीलाई तालिम दिँदै गर्दा बजारमा अर्को प्रविधि आइसकेको हुन्छ, नयाँ प्रविधिसँग तालमेल नमिलेर पनि कतिपय प्रशिक्षार्थी बेरोजगार बस्नुपर्ने अवस्था आउँछ,' उनले भने।

सिटिइभिटिइले मंगलबार नेपालगन्जमा सरोकारवालाबीच गरेको छलफलमा बोल्ने अधिकांशले सरकारको कमजोरीका कारण प्राविधिक तथा व्यवसायिक शिक्षामा विकृति सिर्जना भएको बताए। सरकारले समय अनुकूल प्राविधिक तथा व्यवसायिक शिक्षाको पाठ्यक्रम परिवर्तन गरेर तालिम प्रदायक संस्थाबीच समन्वयकारी भूमिका निभाउनुपर्ने उनीहरूको सुझाव छ। श्रम कार्यालय, भेरीका रोजगार शाखा प्रमुख अमित केसीले बजारमा सीप सिकेका जनशक्तिको अभाव रहेको बताए। 'तालिम सिकेका नेपाली जनशक्ति खोजेको बेला पाइँदैन,' उनले भने।

# Glimpses of News Coverage, KMKN Meeting, Biratnagar Nov 25



## 1. Blast Times Daily, Dharan, the largest selling local newspaper in eastern region, Nov 25

# बजारको आवश्यकता बुझेर प्राविधिक जनशक्ति उत्पादन गर्न जोड

विराटनगर*(ब्लाष्ट)* बजारको आवश्यकता अनुसार प्राविधिक शिक्षा प्रदान नगर्दा दक्ष तथा अर्धदक्ष जनशक्ति अभाव भएको स्थानीय उद्यमीहरुले बताएका छन् । साना तथा घरेलु उद्योगहरुका लागि चाहिने प्राविधिक जनशक्तिको पहिचान गर्ने तथा उनीहरुलाई दक्ष बनाउने काममा सिटिईभिटीले ध्यान दिन आवश्यक रहेकोमा विराटनगरमा बिहीबार आयोजित एक सम्वाद कार्यक्रमका सहभागीहरुले जोड दिएका हुन् ।

सिटिईभिटीबाट धेरै प्रकारका प्राविधिक तालिम सञ्चालन भइरहे पनि ती जनशक्तिको तथ्याङ्क नभएको र उनीहरु हाल कहाँ र कस्तो अवस्थामा छन् भन्ने कुराको जानकारी पनि नभएकोले तालिमबाट हुने उपलब्धीको प्रभावकारीता नदेखिएको सहभागीहरुले बताए ।

नेपाली सोलार ड्रायरका डिजाइनर तथा त्यसका उत्पादक नरेन्द्र होमागाईंले तालिम केवल वैदेशिक रोजगारी प्रवर्द्धन गर्नका लागि मात्र दिन नहुने बताए । उनले तालिमपछि स्वरोजगार बन्ने, उद्यमी बन्ने वा कुशल जनशक्ति बन्नेतर्फ प्रेरित गर्नुपर्नेमा वार्षिक कार्ययोजना बनाएर तालिम दिने र त्यसपछि खोजी नगर्ने परिपाटी अन्त्य गर्नु पर्नेमा जोड दिए ।

सिटिइभिटीका पदाधिकारीहरुको समेत सहभागिता रहेको सम्वाद कार्यक्रममा विभिन्न क्षेत्रमा आवश्यक जनशक्तिहरुको बारेमा चर्चा भएको थियो । प्राविधिक शिक्षा तथा तालिम दिँदा अहिले पनि विदेशी जनशक्तिमा निर्भर हुनु परिरहेका क्षेत्रहरुको पहिचान गर्न आवश्यक भएको विषय उठेको छ । त्यस विषयमा सिटिइभिटी सकारात्मक रहेको सिटिईभिटीका पूर्वाञ्चल क्षेत्रीय प्रमुख दीपक नेपाली क्षेत्रीले बताए ।

प्राविधिक तालिमको नाममा सरकारका १७ वटा मन्त्रालयले आ-आफ्नै तरिकाले तालिम चलाउने गरेका कारण ठूलो रकम खर्च भएपनि त्यसको उपलब्धी तथा एकमुष्ट तथ्याङ्क अभाव हुने गरेको गुनासो सहभागीहरुले गरेका छन् । सबै व्यावसायिक शिक्षा तथा तालिमहरुलाई एउटै बास्केटमा राखेर सञ्चालन गर्नु आवश्यक रहेकोमा जोड दिइएको थियो ।

कार्यक्रममा सिटिईभिटीका पूर्व निर्देशक शिवशङ्कर घिमिरेले प्राविधिक शिक्षा तथा तालिमको क्षेत्र अत्यन्त ठूलो रहेकोले पालैपालो कामलाई अघि बढाउनु पर्ने बाध्यता रहेको बताए । उनले कतिपय पहिचान भएको क्षेत्रमा अघि बढेपनि पहिचान गर्नुपर्ने अनेकौं क्षेत्र बाँकी नै हुने र त्यहाँ रोजगारी सृजना गर्न सकिने सम्भावना पनि कायम रहने भएकोले निरन्तर सम्वादको आवश्यकता रहेको बताए । त्यसका लागि नलेज म्यानेजमेन्ट तथा नलेज नेटवर्किङको क्षेत्रमा काम गर्नु आवश्यक रहेको उनको भनाइ थियो ।

## कलेजका लागि ब्रदर्श आवश्यकता

# प्राविधिक विषयमा जमेर छलफल

■ न्यू सृष्टि दैनिक
विराटनगर

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद काठमाडौंले बिहीबार विराटनगरमा तालिम प्रभावकारी भए नभएको विषयलाई लिएर पूर्व क्षेत्रका विज्ञहरूसित जमेर छलफल गरेको छ।

नेपालमा प्रत्येक वर्ष १७/१८ वटा मन्त्रालयहरूले विभिन्न विषयमा सीपमूलक तालिम संचालन गर्दै आइरहेका छन्।

कार्यक्रममा सहभागि अधिकांश वक्ताहरूले सरकारको तथा विदेशी अनुदानबाट आएको करोडौं रुपैयाँ सीपमूलक तालिममा खर्च गरेपनि तालिम प्रभावकारी नभएको टिप्पणी गरे।

उनीहरूले तालिम लिसकेका व्यक्तिहरू पनि कार्यक्षेत्रमा नदेखिएकोले आरोप लगाए।

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदका सूचना तथा अनुसन्धान महाशाखाका उप-निर्देशक मनोज शर्मा न्यौपाने, प्राविधिक अधिकृत नागेन्द्रकुमार यादव, प्राविधिक शिक्षा तथा व्यवसाय तालिम केन्द्र (सिटीभिटी) पूर्वाञ्चल क्षेत्रीय कार्यालय इटहरीका निर्देशक दीपक नेपाली क्षेत्री, पूर्व निर्देशक शिवशंकर घिमिरे, स्किल्स कार्यक्रमका युवराज आचार्य, शैलेजा आचार्य पोलिटेक्निकल इस्टिच्यूट सिश्वनीजहादाका प्राचार्य सन्तबहादुर अधिकारी, नर्सिङ क्यामपसका प्रशिक्षक सावित्रा सुवेदी, विराट हेल्थ कलेजका राजन खत्री, उद्योग संगठन मोरङका बरिष्ठ उपाध्यक्ष भीम घिमिरेलगायतका वक्ताहरूले नेपालमा अझै सीपमूलक तालिमको आवश्यकता रहेकोले विदेश गइरहेका यूवाहरूलाई नेपालमै तालिममा जोडदिनुपर्ने बताए।

## 2. New Shristi Daily published from Biratnagar and Udghosh Daily published from Biratnagar (Only online version could be extracted)

उद्घोष डेली डटकम

A young SUV with a STYLE



# हरायो दक्ष जनशक्ति

5

f G+

विराटनगर, १० मङ्सिर । तालिम लिएर दक्ष भएका जनशक्ति श्रम बजारमा नै नदेखिने गरेको सरोकारवालाहरुले बताएका छन् । बिहिबार विराटनगरमा सीटिइभीटी र युएनडीपीले आयोजना गरेको कार्यक्रममा सहभागी सरोकारवालाहरुले तालिम लिएपनि दक्ष जनशक्ति अझै बजारमा अभाव हुने गरेका छन् । नेपालमा १७÷१८ वटा मन्त्तालयल र विभिन्न गैर सरकारी सस्थाले प्राविधिक व्यावसायिक शिक्षा र तालिम सञ्चालन गरेपनि ती तालिमबाट उत्पादन भएको जनशक्ति कहाँ छ भन्ने लेखाजोखा नभएको युवराज आचार्य बताउँछन् । उनका अनुसार व्यावसायिक तालिम लिनेवयक्तीहरु बढेपनि बजारको माग अर्कै हुँदा समस्या हुने गरेको छ । बजारको आवश्यकताअनुरुप जनशक्ति उत्पादन गर्नु पर्ने उनले बताए ।

व्यावसायिक तालिम लिएपनि धैरे भने विदेशिने गरेको नरेन्द्र हुमागाईंको भनाइ छ । तालिममा सहभागी भएर दक्ष भएपनि बजारमा नआउँदा सधैं अभाव हुने गरेको भनाइ छ ।

व्यावसायिक तालिम लिएकाहरु श्रमबजारबाट हराउँदा सवै दक्ष जनशक्तिको अभाव हुने गरेको सरोकारवालाहरुको भनाइ छ । 'स्किल्स' (सपोर्ट टु नलेज एण्ड लाईफ लर्निङ स्किल' सञ्चालन गर्दै आएपनि बजारको आवश्यकता अनुसार जनशक्ति पूर्ति गर्न नसकेको सिटिभिटीका सहयक निर्देशक मनोज न्यौपानले बताए ।

समय र श्रम बजारको मूल्याङ्कन गरी आवश्यक अनुसार दक्ष जनशक्ति उत्पादन गर्न व्यवस्थित अनुगमन र मूल्याङकन प्रणली लागु गर्ने प्रयास भैरहेको पर्ने सिटीइभिटीका पूर्व निर्देशक शिवशंकर घिमिरे बताए ।

# Other media coverage

- Nepal television: 8 PM news bulletin on Nov 26 https://www.youtube.com/watch?v=Pk-b529KfpI&feature=share
- Radio Nepal

Radio Programme_mahashram.mp3 Radio programme_Baikuntha Aryal.mp3

- Several FM radios including Ujjyalo on Morning, Nov 27 (Audio files from Ujjyalo is excepted)
- Bageshwori TV, Nepalgunj